19th -10-2025

**यो आकाशवाणी गान्तोक हो**

**काग तिहार**

प्रकाश र खुशीको पर्व तिहार आजदेखि सुरु भएको छ। पाँच दिनसम्म मनाइने यो पर्वको पहिलो दिनलाई काग तिहार भनेर चिनिन्छ। यस दिन मानिसहरूले मृत्युका सन्देशवाहक मानिने कागलाई खाना र पूजा अर्चना गरी सम्मान जनाउँछन्।

बिहान सबेरै घरका छत र आँगनमा भात, रोटी, मिठाईजस्ता परिकार राखी कागलाई बोलाइन्छ। जनविश्वासअनुसार, कागलाई प्रसन्न पार्दा घरमा दुःख–कष्ट टर्छ र आगामी वर्ष शुभ रहने विश्वास गरिन्छ।

काग तिहारसँगै तिहार पर्वको औपचारिक सुरुवात हुन्छ, जसपछिका दिनहरूमा कुकुर तिहार, गाई तिहार र लक्ष्मी पूजा, गोवर्धन पूजा, र अन्तिम दिन भाइटीका मनाइनेछ।

**मुख्यमन्त्री प्रेमसिंह**

मुख्यमन्त्री प्रेमसिंह तामाङले भारतीय अण्डर-17 महिला फुटबल टोलीलाई 2026 को under 17 एशियन कपका लागि सफलतापूर्वक छनोट भएकोमा हार्दिक बधाई ज्ञापन गर्नुभएको छ। मुख्यमन्त्री तामाङले विशेष गरी पाकिमस्थित नाम्चेबोङकी अभिस्ता बास्नेतले राष्ट्रिय टोलीको गौरवपूर्ण सदस्यको रूपमा खेलेको महत्वपूर्ण भूमिकाको मुग्धकण्ठले प्रशंसा गर्नुभयो। उहाले बास्नेतको योगदानले राज्यलाई गौरवान्वित तुल्याएको बताउँदै, भारतीय महिला under-17 टोली र अभिस्ता बास्नेत दुवैलाई हार्दिक बधाई दिनुभएको छ। मुख्यमन्त्री तामाएङले टोलीको उज्ज्वल भविष्य र आगामी दिनहरूमा थप सफलताको कामना समेत गर्नुभएको छ।

**आदि कर्मयोगी**

आदिवासी मामिला मन्त्रालयले आदिवासी शासन र अन्तर-मन्त्रालय अभिसरणलाई सुदृढ पार्ने उद्देश्यले 17 अक्टोबर 2025 का दिन नयाँ दिल्लीको विज्ञान भवनमा 'आदि कर्मयोगी अभियान' राष्ट्रिय सम्मेलन सफलतापूर्वक आयोजना भएको छ। यस कार्यक्रम 'आदि सेवा पर्व' पछि आयोजना गरिएको थियो, जहाँ आदिवासी समुदायहरूले आफ्नो 'आदिवासी गाउँ दर्शन 2030' को विकास गर्ने लक्ष्य राखिएको छ।

सम्मेलनको मुख्य उद्देश्य तृणमुल स्तरमा आदिवासी समुदायको सशक्तिकरण, डेटा-संचालित शासनको प्रवर्द्धन र समग्र विकासको लागि मार्गचित्र तयार पार्नु रहेको छ। सूचना एवम् जनसम्पर्क विभागद्वारा जारी एक विज्ञप्तिमा जानकारी गराएअनुसार राष्ट्रपति द्रौपदी मुर्मुले आफ्नो सम्बोधनमा 'जनभागीदारी' को अपरिहार्य महत्त्वमाथि प्रकाश पार्नु भएको थियो। यस सम्मेलनमा संस्थागत नवप्रवर्तनमा सिक्किमले अग्रेणी भूमिका निर्वाहन गरेकोमा विशेष जोड दिइयो।

SICA

शुक्रबार बीसीसीआई द्वारा आयोजित वरिष्ठ महिला टी–20 ट्रफी 2025-26 को प्लेट डिभिजन उपाधि सिक्किमले जितेर इतिहास रचेको छ। यो जितसँगै सिक्किमले पुरुष तथा महिला दुबै वर्गमा नै पहिलो पटक राष्ट्रिय क्रिकेट उपाधि जित्ने गौरव हासिल गरेको थियो। शुक्रवार त्रिपुराको अगरतलामा सम्पन्न फाइनल खेलमा सिक्किमले नागाल्यान्डलाई 10 रनले पराजित गरेको थियो। शनिबार साँझ सिक्किम फर्किएका विजयी टोलीलाई रम्फू र माइनिङस्थित सिक्किम क्रिकेट मैदानमा भव्य स्वागत गरिएको थियो।

यस ऐतिहासिक उपलब्धिलाई सम्मान गर्दै सिक्किम क्रिकेट एसोसिएसन (SICA) ले विजयी खेलाडी र सहयोगी टोलीका लागि 6 लाख रुपियाँको पुरस्कार राशी घोषणा गरेको छ। अर्कोतर्फ, चण्डीगढमा आज सम्पन्न भएको विनू मानकड ट्रफीको फाइनलमा सिक्किमको अनडर-19 पुरुष टोली भने मणिपुरसँग पराजित भएको छ। यद्यपि, टोलीको प्रदर्शन सम्पूर्ण प्रतियोगिता भरि उत्कृष्ट रहेको थियो।

## खेलकुद तथा युवा मामिला विभाग

खेलकुद तथा युवा मामिला विभाग, पाकीम जिल्लाको आयोजनामा जिल्लास्तरीय विद्यालय खेलकुद 2025 आज सम्पन्न भएको छ। आगामी राज्यस्तरीय विद्यालय खेलकुद प्रतियोगितामा विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम सेन्ट जेभियर्स ग्राउन्ड र आर्क एकेडेमी ग्राउन्ड, पाकीममा आयोजना गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि शिक्षा विभागका संयुक्त निर्देशक  भक्ति शर्मा रहनु भएको थियो।

यसअघि ब्लकस्तरमा आयोजित अन्तर–विद्यालय प्रतियोगितामार्फत खेलाडीहरूको छनोट गरिएको थियो। ती ब्लकस्तरीय विजेताहरूले आजको जिल्लास्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गरे, जसबाट छानिएका खेलाडीहरूले अब पाकीम जिल्लाको तर्फबाट राज्यस्तरीय विद्यालय खेलकुदमा सहभागिता जनाउने छन्।